नेपाल सरकार

# ऊर्जा मन्त्रालय

## प्रेस विज्ञप्ति

मिति: २०६७/०६/०८

माथिल्लो कर्णाली, अरुण तेश्रो, मर्स्याङ्दी, बूढी गण्डकी, तामाकोशी - ३ ए, लिखु, कर्णाली फुलकोट लगायताका १४ वटा विद्युत आयोजनाहरु बन्न नदिने भन्ने माओवादी पार्टीको कथन सन्दर्भमा सञ्चार माध्यममा आइरहेका समाचारप्रति यस ऊर्जा मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

उल्लेखित १४ वटा आयोजनाहरुमध्ये पश्चिम सेती जलाशयुक्त आयोजनको "आयोजना सम्झौता" को म्याद थप हुने समयमा व्यवस्थापिका संसदको प्राकृतिक श्रोत तथा साधन समितिको निर्देशन अनुरुप म्याद थप भएको हो । माथिलो कर्णाली तथा अरुण तेश्रो जलविद्युत आयोजनाहरु राज्यलाई अधिक प्रतिफल दिने कम्पनी खुल्ला प्रतिस्पर्धामार्फत् चयन गरिएको हो । व्यवस्थापिका संसदको प्राकृतिक श्रोत र साधन समितिबाट मिति २०६४/०४/०१ मा यी आयोजनाहरुलाई अघि बढाउने सहमति भई थप निर्देशन समेत प्रदान भएको र सो सन्दर्भमा व्यवस्थापिका संसदको अर्थ समितिबाट समेत मिति २०६४/०४/१४ मा समर्थन भई नेपाल सरकारको मिति २०६४/०९/१५ को निर्णय अनुसार प्रवर्द्धकहरुसँग थप दस्तुरहरु समेत लिने गरी उक्त आयोजनाहरु ३० महिनाभित्र अध्ययन गरी निर्माण चरणमा लाने गरी क्रमश: मिति २०६५/०२/०५ र मिति २०६५/०४/०३ मा सर्वेक्षण अनुमति पत्र प्रदान भएको हो । उक्त प्रबर्द्धकहरुले उक्त आयोजनाहरुको प्रचलित नियम अनुसार संभाव्यता अध्ययन तथा वातावरणीय अध्ययन सम्पन्न गर्ने प्रकृयामा रहेको र आयोजनाहरुलाई यस स्थितिसम्म पुऱ्याउन यथेष्ठ लगानी गरिसकेको छ ।

उक्त आयोजनाहरुको अलावा अन्य आयोजनाहरुको सन्दर्भमा नेपालको प्रचलित ऐन नियम अनुसार प्रक्रिया पुरा गरी जलविद्युत विकास नीतिले अंगिकार गरेको नीति अनुसार जलविद्युत क्षेत्रमा आन्तरिक तथा बाह्य निजी क्षेत्रको लगानी प्रोत्साहन गरी देशमा विद्युत सस्तो र सुलभ तरिकाले आपूर्ति गरी बचत हुने विद्युत निर्यात गरी आर्थिक उन्नति गर्ने उद्देश्यले पहिला दरखास्त पेश गर्नेले कारबाहीमा पहिलो प्राथमिकता पाउने गरी विना भेदभाव अनुमति पत्रहरु प्रदान गरिएका छन् । १०० मेगावाटभन्दा बढी जडित क्षमता भएका कुल २८ वटा आयोजनाहरुको (कुल ८०५५ मेगावाट) संभाव्यता अध्ययनको अनुमति पत्र प्राप्त गर्ने संस्थाहरुमा नेपाली प्रवर्धकहरु तथा भारत, चीन, ब्राजिल, इटालीका प्रबर्द्धकहरु र तीनका संयुक्त उपक्रमहरुलाइ प्रदान गरिएको छ । हालसालै जलविद्युत आयोजनाको लाइसेन्स दिने प्रकृयामा समेत परिमार्जन गरी आयोजना सम्पन्न गर्न सक्ने कम्पनीहरुले मात्र लाइसेन्स लिन सक्ने कडा कार्यविधि व्यवस्था गरिएको छ । लाइसेन्स दिने प्रकृयालाई थप पारदर्शी र वैज्ञानिक बनाउन परिमार्जित विद्युत ऐन र विद्युत नियमन ऐन लागू गर्न हाल व्यवस्थापिक संसदको विधायन समितिमा विचाराधीन छ ।

संभाव्यता अध्ययनको चरण पुरा हुन लागेका ७ वटा आयोजनाहरु- माथिल्लो कर्णाली (९०० मेगावाट), अरुण तेस्रो (८०० मेगावाट), लिखु (१२० मेगावाट), तामाकोशी ३ ए (८८० मेगावाट), तल्लो अरुण (४०० मेगावाट), माथिल्लो मर्स्याङ्दी (६०० मेगावाट) तथा वलेफी (५० मेगावाट) का प्रबर्द्धकहरुसँग "आयोजना सम्झौता" सम्पन्न गर्ने सन्दर्भमा ऊर्जा मन्त्रालय र प्रबर्द्धकहरु बीच हालैका दिनमा वार्ता प्रकृया शुरु गरिएको छ । ऊर्जा मन्त्रालयले प्रचलित नीति, ऐन, नियम अनुसार सरोकारवालाहरुसँग समेत बृहत छलफल गरी तयार गरिएको "मोडेल आयोजना विकास सम्झौता" मन्त्रालयको वेभसाइट www.moen.gov.np मा उपलब्ध छ । सोही मोडेल सम्झौताको परिधिभित्र रही प्रबर्द्धकहरुसँग वार्ता गरी आयोजनाको लागि सरकारको तर्फबाट प्रतिवद्धता प्रदान हुनुका साथै राष्ट्रलाई अधिकतम फाइदा प्राप्त हुने गरी "आयोजना विकास सम्झौता"मा पुग्ने प्रकृयामा लगिने छ ।

देशमा भएको जनआन्दोलन - २ पश्चात जलविद्युत क्षेत्रमा निजी क्षेत्रको पलाउँदो चासोलाई मूर्त रुप दिन नेपाल सरकार प्रयासरत रहेको र हालका दिनमा केही सफलता प्राप्त हुँदै गएको छ । राष्ट्रको अधिकतम हित अनुरुप र उचित लाभ प्राप्त गर्ने गरी प्रबर्द्धन गरिएका आयोजनाहरुको सन्दर्भमा राजनैतिक उद्देश्यबाट प्रेरित वाधा-अवरोध, डर-त्राश फैलाउने प्रकारका घटना क्रमले जलविद्युत आयोजनाहरुको विकासमा प्रतिकूल प्रभाव पार्ने र राज्यले अवलम्बन गरेको नीतिमा यस्ता क्रियाकलापले गम्भीर नकारात्मक असर पार्ने भएकोले यस्ता कार्य तत्कालै बन्द गर्न ऊर्जा मन्त्रालय सम्पूर्ण राजनैतिक दल, संस्था तथा आयोजना क्षेत्रका नागरिक सबैमा अनुरोध गर्दछ ।

जलविद्युत आयोजनाहरु र लगानीको सुरक्षाबारे सरकार गम्भीर छ र यस प्रकृतिका अभिव्यक्ति र क्रियाकलापबाट विचलित नहुन पनि प्रवर्द्धकहरु समक्ष अनुरोध गर्दछ ।

**अनुप कुमार उपाध्याय**

सहसचिव एवं प्रवक्ता